दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १८९ | बुटवल | २०८३ असार ३१ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday July 15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सरकारी विज्ञापनबारे सरकारी निर्णय अदालतबाट खारेज

बुटवल । सरकारी विज्ञापन निजी मिडियालाई निषेधको सरकारी निर्णय खारेज भएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ को निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय उत्प्रेषणको आदेशले खारेज गर्ने ऐतिहासिक फैसला गरेको हो ।

फैसला सुनाउँदै न्यायाधीश सुवेदीले पूर्ण पाठ तयार भइसकेकोले दुईदिनभित्रमा सार्वजनिक गर्ने पनि जानकारी दिए । एक साताअघि सकिएको अन्तिम बहसपश्चात् आज सर्वोच्चले सो फैसला गरेको हो ।

मिडिया सोसाइटीका अख्तियारप्राप्त निवेदक अधिवक्ता अनन्तराज लुईंटेलले सरकारको असंवैधानिक निर्णय खारेज हुँदा सबै मिडियाप्रति न्याय भएको प्रतिक्रिया दिएका छन् । 'ढिलै भए पनि सरकारको गलत निर्णय सच्च्याउने कार्य सर्वोच्चले गरेको छ, आगामी दिनमा यस्ता असंवैधानिक कार्य गर्न सरकारले पटक पटक सोच्नुपर्ने अवस्था उत्पन्न भएको छ ।'

सरकारी विज्ञापन निजी मिडियाले पाउनुपर्ने दावीसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अख्तियारप्राप्त अधिवक्ता लुईंटेलले दायर गरेको रिटमा असार २२ र २३ मा दुवै पक्षका तर्फबाट बहस गरेका थिए ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट बरिष्ठ अधिवक्ताहरु शतिसकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी र अधिवक्ताहरु अनन्तराज लुईंटेल, विकास भट्टराई, किर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुईंटेल र रामप्रसाद पुडासैनी, डा बालकृष्ण चापागाईं, डा. प्रेमराज सिलवाललगायतले बहस गरेका थिए भने महान्यायाधीवक्ता नारायणदत्त कंडेल र नायव महान्यायाधीवक्ता उद्धवप्रसाद पुडासैनीले बहस गरेका थिए ।

असार २२ र २३ मा सर्वोच्च अदालतमा नेपाल मिडिया सोसाइटीका तर्फबाट बहस गरेका कानुन व्यवसायीहरुले निजी मिडियालाई लामो समयदेखि दिइआएको विज्ञापनको सुविधा कटौति गरेर सरकारले मिडियालाई नाकाबन्दीमार्फत् सिध्याउने मकसद राखेको, विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको, सरकारले कुनै मिडियालाई दिने र कुनैलाई नदिने कार्टेलिङ गर्न नपाउने, विज्ञापन बोर्डको अधिकार सरकारले खोस्न नपाउने र प्रदेश सरकार र स्थानीय सरकारको समेत अधिकारमा प्रधानमन्त्री कार्यालयले हस्तक्षेप गर्न नपाउने तर्क गरेका थिए ।

सर्वोच्च अदालतको फैसलापछि के हुन्छ ?

सर्वोच्च अदालतले उक्त सरकारी निर्णय खारेज गरेसँगै निजी सञ्चारमाध्यमका लागि नयाँ आशा जागेको छ । यस फैसलापछि देखिन सक्ने प्रमुख प्रभावहरू यस्ता छन्-

- सरकारी विज्ञापन पुनः निजी सञ्चारमाध्यममा वितरण गर्ने कानुनी आधार पुनः स्थापित भएको छ ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सार्वजनिक निकायहरूले विज्ञापन ऐन र नियमावलीअनुसार योग्य निजी सञ्चारमाध्यमलाई पनि समान रूपमा विज्ञापन उपलब्ध गराउनुपर्ने अवस्था बनेको छ ।
- आर्थिक संकटमा परेका निजी सञ्चारमाध्यम, विशेषगरी स्थानीय तथा क्षेत्रीय मिडियाको आर्थिक अवस्था क्रमशः सुधार हुने अपेक्षा गरिएको छ ।
- सरकारले कुनै निश्चित सञ्चारमाध्यमलाई मात्र प्राथमिकता दिने वा निजी सञ्चारमाध्यमलाई पूर्ण रूपमा वञ्चित गर्ने नीति अवलम्बन गर्न कठिन हुने भएको छ ।
- सरकारी विज्ञापन वितरणमा समानता, पारदर्शिता, निष्पक्ष प्रतिस्पर्धा तथा कानुनी प्रक्रियाको पालनालाई बल पुग्ने अपेक्षा गरिएको छ ।
- यो फैसला प्रेस स्वतन्त्रता, सञ्चारमाध्यमको समान अधिकार तथा लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्ने महत्वपूर्ण संवैधानिक नजिरका रूपमा स्थापित हुने विश्वास गरिएको छ ।

सत्ता पक्षको कार्यशैलीप्रति सत्ता पक्षकै सांसदको विरोध

सरकारको आलोचना गर्दा ज्यान मार्नेसम्मको धम्की आउने गरेको सांसदले गुनासो गरेका छन् ।

लुम्बिनी संवाददाता

बुटवल

प्रतिनिधि सभाको मंगलबारको वैठकमा विपक्षी दलका सांसदहरु मात्र होइन सत्ता पक्षकै सांसदहरु सत्ता पक्षका गतिविधि र सरकारको कार्यशैलीप्रति आपत्ति जनाउँदै खरो रुपमा विरोध जनाएका छन् । सुकुम्बासीमाथि अमानवीय व्यवहार गरेको, सञ्चारमाध्यमहरुको अफिस गेट अगाडि गाडी तेर्साएको घटना, मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन नभएको लगायत विषयलाई लिएर सांसदहरुले सरकारलाई जवाफदेही बन्न आग्रह गरेका छन् । सत्ताको नेतृत्वकर्ता दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सचेतक प्रकाशचन्द्र परियारले सञ्चारमाध्यमका कार्यालय प्रवेशद्वारमा गाडी पार्किङ गरेर सञ्चारगृहलाई तर्साउने कुत्सित प्रयास गरिएको बताएका छन् । मंगलबार (असार ३०) प्रतिनिधिसभा बैठकको विशेष समयमा उनले उक्त कार्यको भर्त्सना गरे ।

"सत्यसँग डराउनेहरूले मात्र यस्तो हर्कत गर्छन् । तर, बुझ्नुपर्ने कुरा के हो भने- सत्यलाई ढाकछोप गर्न खोज्नु भनेको हत्केलाले सूर्य छेक्न खोज्नुजस्तै हो," उनले भने- "सञ्चारगृह घेरेर सत्यको आवाज कहिल्यै थुनिँदैन भन्नेमा मलाई विश्वास छ ।" उनले पत्रकारिताले ठूला आँधीबेहरीको सामना गरेर आजको उचाइ हासिल गरेको बताए ।

"इतिहास साक्षी छ, हिजो निरंकुश शाहीकालमा, तत्कालीन राजा ज्ञानेन्द्र शाहको सैनिक शासनमा बन्दुक बोकेका सेनाहरू समाचार कक्षभित्रै पसेर समाचार सेन्सर गर्दथे," परियारले भने-"त्यति बेला नभुकेको नेपाली सञ्चारमाध्यम आज सडकमा दुई-चारवटा गाडी तेर्स्याएर तर्सिन्छ र ?" शाहीकालका बन्दुकधारी सेनाले रोक्न नसकेको नेपाली पत्रकारितालाई कसैले सडकमा अवरोध खडा गरेर गलाउँछु भन्नु दिवास्वप्न मात्र भएको उनले टिप्पणी गरे ।

कसैका स्वार्थ ठोक्किँदैमा प्रेसमाथि हुने कुनै पनि शैलीको त्रासदी र अराजकताको साक्षी हुन नपरोस् भन्ने धारणा राखे । प्रेस स्वतन्त्रताको प्रतिरक्षा गर्न आफू तयार रहेको उनले बताए । प्रेस सच्चिने ठाउँमा ध्यान दिनुपर्ने उनले उल्लेख गरे ।

असार २९ गते काठमाडौंस्थित केही मिडियाका कार्यालय, नेताका घर र व्यापारिक भवनको ढोकामा गाडी तेर्स्याएर आवतजावतमा अवरोध गरिएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुलभ खरेलले जेनजी अगुवा माजिद अन्सारी पक्राउ प्रकरणमा प्रहरीले अत्यधिक बल प्रयोग गरेको भन्दै त्यसको कडा आलोचना गरेका छन् ।

सोमबार संसद्को कानुन समितिको बैठकमा बोल्दै सांसद खरेलले अन्सारीमाथि भएको कुटपिट र ज्यादतीबारे सरकारको ध्यानाकर्षण गराउँदै औपचारिक रूपमा माफी माग्न नेपाल प्रहरीसँग माग गरेका हुन् । कानुन समितिको बैठकमा सांसद खरेलले अन्सारीलाई पक्राउ मात्र नगरी मुक्का हानिएको, लुछिएको र अत्यधिक बल प्रयोग गरिएको बताए । अन्सारीको उपचार र क्षतिपूर्तिको जिम्मा कसले लिने भन्दै उनले सरकारलाई प्रश्नसमेत गरेका छन् । 'प्रहरीले भ्यानभित्र लगेर पनि मान्छेहरूलाई कुट्दो रहेछ । हामी यस्तो खालको व्यवस्थामा बस्न खोजिरहेका छौं ?,' खरेलले भने- 'समाजमा फरक मत सबैले राख्छन् । फरक मत राख्दैमा कसैप्रति पनि उग्र भावले प्रस्तुत नहुन म नेपाल प्रहरीलाई आग्रह गर्दछु ।' सांसद खरेलले प्रहरीको बोली र व्यवहारमा तत्कालीन सत्ता र गृहमन्त्रीको अनुहार देखिने गरेको टिप्पणी गरे। विगतमा रास्वपा सभापति रवि लामिछानेलाई पक्राउ गर्दा एक प्रहरीले 'तपाईंको अन्तिम इच्छा के हो ?' भनी सोधेको प्रसङ्ग कोट्याउँदै उनले त्यसबेला आफूले प्रहरीको नभई तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीको अनुहार देखेको बताए ।

अहिले पनि आन्दोलनकारीलाई प्रहरीले गर्ने दमनमा जनताले वर्तमान प्रधानमन्त्री र गृहमन्त्रीको अनुहार देख्ने भन्दै उनले सरकारलाई संयमित हुन र मानवअधिकारको सम्मान गर्न चेतावनी दिए ।

रास्वपा सांसदहरू मनिष झा र अफसाना बानोसहित आफू अन्सारीलाई भेट्न पुगेको तर अन्सारी अझै पनि हिरासतमा रहेको या नरहेको विषयमा अन्योल देखिएको खरेलले बताए। वर्तमान सरकारलाई असफल हुने कुनै छुट नभएको बताउँदै उनले असन्तुष्ट र फरक मत राख्नेहरूलाई दमन गर्नुको साटो सम्मान दिएर अघि बढ्न सरकारलाई सुझाव दिएका छन् ।

नेपाली कांग्रेसका सचेतक निश्कल राईले सरकारले 'श्री ८ बालेन शाह' लाई प्रश्न गर्न पाइँदैन भनेर स्थापित गर्न खोजिरहेको टिप्पणी गरेका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै बहुमतले संविधान उल्लङ्घन गर्ने लाइसेन्स नदिने उनले बताए । राईले भने-'बहुमतले संविधान उल्लंघन गर्ने लाइसेन्स दिँदैन । संविधानको धारा १३७ ले न्यायिक समीक्षाको व्यवस्था गर्छ । संविधानको धारा १ ले नै भन्छ, यो संविधान सर्वोच्च कानून हो । बहुमत संविधानभन्दा माथि छैन । बहुमतले जनताको प्रतिनिधित्व गर्छ, जनताको अधिकार कुल्चिने अधिकार दिँदैन ।'

सरकारले १८२ सीटको प्रचण्ड बहुमत दोहोऱ्याएर पनि त्यो संख्याले प्रश्न सोध्ने नागरिकको मुख थुन्ने ठेक्का नदिएको टिप्पणी गरे । उनले थपे- 'यी सबै कुराको मूल मर्म भनेको नेपाली समाजमा प्रश्न वर्जित छ भन्ने हो । सरकारले खासगरी श्री ८ बालेन शाहलाई प्रश्न गर्न पाइँदैन भनेर स्थापित गर्न खोजिरहेको छ । यति मात्र कि देशमा रहेको संविधान र कानुनको परिधिभित्र रहेर उत्पन्न हुने प्रश्नभन्दा माथि श्री ८ हुनुहुन्छ भनेर आम नागरिकलाई चेतावनी यो सरकारले दिइरहेको छ ।'

» *बाँकी ३ पेजमा*

वायुसेवा निगमको सञ्चालक समिति अध्यक्षमा श्रेष्ठ

बुटवल । सरकारले नेपाल वायुसेवा निगमको सञ्चालक समिति अध्यक्षमा महेश्वरभक्त श्रेष्ठलाई महाप्रबन्धकको काम समेत गर्ने गरी कार्यकारी अध्यक्षको पदमा नियुक्त गरेको छ ।

मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको सरकार प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्का मुख्य निर्णयहरूमा बिउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने , विपद् खोज तथा उद्धार कार्यमा खटिने सशस्त्र प्रहरी बल नेपालका कर्मचारीहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हासिल गर्न सफल खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकहरूलाई नगद पुरस्कार तथा सम्मान पत्र प्रदान गरिने निर्णय भएको छ ।

यस्तै नेपाल वायुसेवा निगमको सञ्चालक समिति अध्यक्षमा महेश्वर भक्त श्रेष्ठलाई महाप्रबन्धकको काम समेत गर्ने गरी कार्यकारी अध्यक्षको पदमा नियुक्त गर्ने र अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम विगतमा गठन भएका विभिन्न आयोगका प्रतिवेदनहरू गृह मन्त्रालयले तत्काल कार्यान्वयन गर्ने निर्णय भएको छ ।

अस्थायी र करारका कर्मचारीद्वारा अर्थ मन्त्रालयमा धर्ना

बुटवल । अस्थायी र करारका कर्मचारी हटाउने सरकारको तयारीविरुद्ध कर्मचारीहरूले मंगलबार अर्थ मन्त्रालयमा धर्ना दिएका छन् ।

सरकारले उनीहरूलाई हटाएर आउटसोर्सिङबाट काम गर्ने नीति लिएपछि वर्षौंदेखि अस्थायी र करारमा कार्यरत कर्मचारीहरू आन्दोलित भएका हुन् ।

सबै मन्त्रालयका अस्थायी र करार कर्मचारीहरले सेवा निरन्तरताको माग गरिरहेका छन् ।

उनीहरूले मंगलबार अर्थ मन्त्रालयको मूल ढोकामा जम्मा भएर प्रदर्शन र नाराबाजी गरेका छन् । सरकारले खर्च कटौतीको नीति अनुसार पनि अस्थायी र करारका कर्मचारीहरू हटाउन खोजेको छ ।

चिनी मिलका सञ्चालक शैलेन्द्र गुप्ता पक्राउ

बुटवल । सर्लाहीको धनकौलस्थित अन्नपूर्ण चिनी मिलका सञ्चालक शैलेन्द्र गुप्ता र उनका सहयोगी विनोद साह कलवार उखु किसानको करिब २२ करोड रुपैयाँ बक्यौता भुक्तानी नगरेको आरोपमा पक्राउ परेका छन् । गुप्ता नवलपरासीबाट निर्वाचित रास्वपा सांसद नगेन्द्र गुप्ताका नजिकका नातेदार हुन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले किसानहरूबाट प्राप्त उजुरीका आधारमा दुवै जनालाई नियन्त्रणमा लिई ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी बेदप्रसाद गौतमका अनुसार चिनी मिलले गत आर्थिक वर्षमा खरिद गरेको उखुको करिब २२ करोड रुपैयाँ किसानलाई हालसम्म भुक्तानी नगरेपछि पीडित किसानहरूले प्रहरीमा उजुरी दिएका थिए ।

प्रहरीका अनुसार किसान र मिल व्यवस्थापनबिच पटक-पटक छलफल गराई बक्यौता रकम भुक्तानी गराउने प्रयास गरिएको थियो । तर, उद्योग पक्षले रकम भुक्तानी नगरेपछि कानुनी प्रक्रिया अघि बढाउँदै सञ्चालक गुप्ता र उनका सहयोगी कलवारलाई पक्राउ गरिएको हो । प्रहरीले दुवै जनाविरुद्ध सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जनाएको छ ।

उखु किसानहरूले लामो समयदेखि आफ्नो बक्यौता रकम भुक्तानीको माग गर्दै मिल व्यवस्थापनसँग आग्रह गर्दै आएका थिए । भुक्तानी नपाएपछि उनीहरू उखु किसान संघको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सर्लाही पुगेका थिए ।

सम्पादकीय

आशा जगाऊ सरकार

दुई तिहाई नजिकको बहुमतको सरकार गठनपछि मुलुकमा राजनैतिक स्थिरता र आर्थिक समृद्धिको मार्गचित्र तयार हुने विश्वास थियो । नागरिकका सपना पूरा हुने अपेक्षा थियो । विगतका कमजोरीबाट सिकेर सरकारले सुशासन दिँदै मुलुकमा आशाको दियो बाल्छ भन्ने विश्वास सरकार गठनको सय दिन पुगेसँगै निराशामा बदलिनु मुलुकको लागि घातक विषय हो ।

काठमाडौं महानगरपालिकाका प्रमुखमा तीन वर्षको अनुभव बाहेक राजनीतिमा अरु अनुभव नभएका बालेन्द्र साह प्रधानमन्त्री हुँदा सुशासनका निम्ति इमान्दार प्रयास गर्छन् भन्ने विश्वास थियो । राहदानीको छपाइका लागि जर्मनीको कम्पनीले काम अघि बढाइसकेको बेला ठेक्का तोडेर फ्रान्सको अर्कै कम्पनीलाई दिन प्रधानमन्त्रीको सचिवालयले दिएको दबाबले सुशासनको नारा धुतिसाल भएको छ। कर्मचारीलाई चोर र घुस्याहा देख्ने प्रवृत्ति मौलाउँदा स्थायी सरकार मानिने कर्मचारी संयन्त्र निराश भएको छ । एकैपल्ट ठूलो संख्यामा कर्मचारीलाई अवकाशमा पठाउने रणनीति कार्यान्वयन अघि बढाउँदा अनुभवी कर्मचारी पंक्ति निराश देखिन्छ । करार, अस्थायी र ज्यालादारी कर्मचारीलाई विना तयारी एक्कासी अवकाशमा पठाउँदा आन्दोलनमा उत्रेका छन् । संभवतः कर्मचारी आन्दोलनको सुरुवात यही विन्दुबाट हुनेछ। कर्मचारी हुँदै शिक्षक पनि आन्दोलनको तयारीमा छन् । सरकारको बलियो साथले उत्साही हुनुपर्ने निजी क्षेत्रमा कुनै उत्साह देखिँदैन् । साना तथा मझौला व्यवसायी धमाधम पलायन हुँदैछन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको करको असर आम नागरिकमा पर्दैछ। भूमिहिन र सुकुम्वासीका बहुआयामिक समस्याको पहिचान गरी समाधान गर्नुको साटो सुकुम्वासी समस्या समाधान गर्न परिपक्क कदम नचाल्दा चौतर्फी आलोचनाको शिकार भएको छ । अझ राज्य संरक्षित भिजिलान्ते समूहले सोमबार विभिन्न सञ्चारगृह अगाडि शंकास्पद गाडी पार्किङ् गरी तर्साउन खोजेको विषयलाई सरकारले सामान्यकरण गर्दैछ । सरकारका गतिविधिले आम नागरिकमा निराशा बढ्दा आत्मदाह गर्ने अवस्थामा नागरिक पुगेका छन् ।

सरकारले विधिमा टेकेर थिति बसाल्ने हो । प्रधानमन्त्री र उनको टिम विधिमा टेकेर थिति बसाल्न पटक्कै ध्यान दिएको छैन । राणा कालमा झैं शासकको आदेश नै सर्वेसर्वा मान्ने प्रवृत्ति मौलाएको संकेत देखिन थालेका छन् । प्रधानमन्त्रीको चित्त नबुझ्ने वित्तिकै प्रहरी प्रमुखलाई फोन गरी फलानो मन्त्रीलाई तत्काल पक्राउ गरी अनुसन्धान गर्नु भन्ने आदेशले सरकार कसरी चलेको छ भन्ने प्रष्ट हुन्छ । त्यसो त प्रधानमन्त्रीलाई लयमा हिडाउन रास्वपा सभापति रवि लामिछानेले पहलकदमी लिएका छन् । आइतबार चार घण्टा लामो भेटवार्ताले सरकार सञ्चालन र पार्टीका सम्बन्धमा कुरा हुनु सकारात्मक छ।

संसदप्रति प्रधानमन्त्री जवाफदेही हुने, विधि विना कुनै विषयमा हात नहाल्ने, कर्मचारीलाई विश्वासमा लिएर अघि बढ्ने र बजारलाई साथमा लिन सक्दा मात्रै सरकारको सफलता ठहर्छ । सरकारको असफलताको मूल्य मुलुकले चुकाउने जोखिम छ । यो जोखिमबाट पार पाउन सरकार सञ्चालन विधिसम्मत हुनु नै अनिवार्य शर्त हो । बजार चलायमान हुने बित्तिकै कर्मचारी संयन्त्रप्रति मर्यादित व्यवहार र सम्मानको वातावरण बन्ने बित्तिकै सरकारका लागि सकारात्मक वातावरण बन्नेछ ।

सेयर बजारमा झिनो अंकको सुधार



काठमाडौं । सोमबार ३० अंक घटेको सेयर बजारमा मंगलबार झिनो सुधार देखिएको छ । बजार परिसूचक नेप्से ६.११ अंक बढेको छ ।

सो वृद्धिपछि नेप्से २५७६ अंकमा कायम भएको छ । दिउँसो १२ : १० बजे बजार २५४७ अंकसम्म झरेको थियो । त्यसपछि सम्हालिएको बजार अन्ततः बढेर बन्द भयो । अघिल्लो दिन नेप्से २५७० अंकमा थियो, जुन मंसिर ४ गतेयताकै न्यून हो ।

बजारको परिसूचकसँगै कारोबार रकममा सुधार आएको छ । सोमबार ७ अर्ब ४६ करोडको कारोबार भएकोमा मंगलबार ८ अर्ब ४१ करोडको भयो । यो कारोबार रकम करिब तीन महिनाकै उच्च हो । यसअघि बैशाख ३ गते ९ अर्ब २० करोडको कारोबार भएको थियो । मंगलबारको कारोबार त्यसयताकै धेरै हो ।

१६४ कम्पनीको मूल्य बढ्दा १०१ को घट्यो भने १० को स्थिर रह्यो । अधिकांश समूहगत सूचक बढेका छन् । व्यापार सबैभन्दा धेरै १.४७ प्रतिशत बढ्यो ।

बैंकिङ ०.०९, विकास बैंक ०.२९, फाइनान्स ०.५१, होटल तथा पर्यटन ०.०८, जलविद्युत् ०.२७, लगानी ०.५४, जीवन बिमा ०.३७, माइक्रोफाइनान्स ०.०७, निर्जीवन बिमा ०.२०, अन्य ०.१५ प्रतिशत बढे । उत्पादन तथा प्रशोधन समूह मात्रै ०.१८ प्रतिशत घट्यो ।

उपकार लघुवित्तको मूल्य ९.१९ तथा भगवती हाइड्रोपावरको ५.७७ प्रतिशत मूल्य बढ्यो । मूल्य धेरै बढ्नेमा बैंकका लामो अवधिका ऋणपत्र अगाडि रहे । सामुदायिक लघुवित्तको मूल्य ८.१० प्रतिशत घट्यो । स्वावलम्बन लघुवित्तको ४.४७, सुपर खुदी हाइड्रोपावरको ३.६५ प्रतिशत मूल्य घट्यो ।

धेरै कारोबार हुनेमा ऋणपत्र नै अगाडि रहे । कुमारी बैंक डिबेन्चर ९०, एनआईएमबी डिबेन्चर ९०, एसबीआई डिबेन्चर ९०, एभरेस्ट बैंक डिबेन्चर ९१ तथा कृषि विकास बैंक डिबेन्चर ८३ को उच्च कारोबार भयो ।

ब्राह्मणिक वर्ण व्यवस्था

जातीय विभेद र छुवाछुत

झपेन्द्र जिसी

के हिन्दु वर्ण व्यवस्थाले होइनर ? अथवा ब्राह्मणिक हिन्दु व्यवस्थाले होइन त ? अरू देशहरु युरोप, अमेरिका, जापान, चीन, रुस जस्ता देशमा छुवाछुत छैन । पहिले विदेशमा काला जाति र गोरा जातिका बिचमा विभेद थियो ।

कुरो त ठीकै हो सर ! तर ब्राह्मण धर्म, कर्म र संस्कार सनातनी हो कसरी चटक्क परित्याग गर्ने ? गाह्रो छ बा गाह्रो छ, सर ! नयाँ कुरालाई परिपालना कसरी गर्ने ?

मैले नयाँ कुरा भनिरहेको छैन । मैले त के पो जानेको छु होला र ! अनुष्ठानहरू गर्दा हजुरजस्ता विद्वान् पण्डितहरूले पटक पटक वाचन गरेर नेपाली भाषामा अर्थ्याएको सुनेकोछु -

-अष्टादशे पुराणेषु व्याशस्य वचनंद्वयं

परोपकार पुण्याय पापाय परपीड्नं ।।

अर्थात् अठार पुराण लेख्ने महर्षि व्याशले अरूको हितभलो

हित भलो कल्याण गर्नु पुण्य कर्म धर्म हो र अरूको अहित गर्नु अर्थात् अरूलाई पीडा दिनु वा अरूलाई घृणा गर्नु, हेप्नु पाप हो ।

अब तपाईं आफैँ भन्नुस् त पण्डित दाइ ! हाम्रो समाजका व्यावसायिक जातिहरू यानेकि टोपी सर्ट पायण्ट सिउनेहरू, धजा चंदुवा बनाउनेहरू कसरी अछुत भए ? यसरी नै डाडु, पनियो, ताप्के, सेंगी, हसिया, बनाउनेहरुलाई कसले अछुत बनायो ? किन बनायो ? पण्डित दाइ ?

यति मात्रै होइन, देवमूर्ति बनाउने, सुनचुरा नाकमा लाउने बुलाकी, फुली, औंठी बनाउने र जुत्ता चप्पल पेटी आदि बनाउन सिपालु व्यवसायिक कलाकर्मी पनि अछुत कसरी भए ? कसले बनायो ? यो हिंसा घृणा र पाप नभएर के हो त ? के यो ऋषि व्याशले भने अनुसार भयो त ?

पण्डित दाइ ?

सर ! के भनौं खोइ ! अमल्मल्ल छु ! अकमक्क भएँ !

के भनूँर !?

साँच्चै महर्षि व्याशकी आमा को थिइन्, ?

सर ! बढी निधिखुदी गरे आन्द्राभित्रको आची पनि देखिन्छ ।

माझी बोटेकी छोरी हुन् ।

सर ! सनातनी हिन्दु धर्मले त बसुधैव कुटुम्वकं भनेको छ सर !

यो के भनेको हो पण्डित दाइ ?

पृथ्वीभरिका सम्पूर्ण मानव जाति एउटै परिवार हो ।

त्यसो हो भने विभेद किन ? कसले कहिलेदेखि सुरु गर्यो त ? पण्डित दाइ ?

देवताको पालादेखि हो सर !

के नामको देवताको पालादेखि हो !

झमक्कै रात पर्नै पो थालेछ ।

जिज्ञासा त मेटिएन पण्डित दाइ !

अब बाँकी भोलि । हुन्न र सर ?

हुन्छ । किन पो नहुन पर्यो र !

आजको बसाइ उठ्यो ।

जाम्ला सुस्तैसुस्तै

तिमी उस्तै म उस्तै !

भोलि पल्ट

नमोनारायण पण्डित दाइ !

नमोनारायण सर

गाथमा आरामै त छ नि पण्डित दाइ ?

दश/पन्ध्र जना जम्मा भएका मान्छेका बिचमा सञ्चो विसञ्चो भलाकुसारी नमस्कार आदानप्रदान भए ।

त्यही बेला एउटाले छ्वास् भने- पण्डित बालाई त रातभर निद पनि लागेन होला ! हिजोको वहस र सरका कुराले !

तपाईंहरूको जे गत मेरो पनि त्यही गत ।

तपाईंहरूको जे मत मेरो पनि त्यही मत ।

छलफल त बसिबियाँलो थियो । साथसाथै यथार्थ पनि त हो । तर.....!

भोक, तिर्खा र निद्रा नै नलाग्नु पर्ने कारणै पो के थियो र ?

यति ठूलो हाम्रो वर्ण व्यवस्था र हिन्दु धर्म परम्परालाई कसरी परित्याग गर्ने ? क्रिस्चियन इसाइहरूले ढाकिसके ! हाम्रो हलीलाई पनि क्रिस्चियन बनाइ पो सकेछन् ! डलर पौण्डले किनिसकेछन् ।

सर !

पण्डित दाइ ! विभेद र छुवाछुतमा परेका सबै जातजाति र अछुत बनाइएका अथवा समस्त व्यवसायिक जातिहरूको युगौंदेखिको पीडालाई छुत भनिएका जातिले हटाउन र ती पीडितहरूलाई सम्मान र माया गर्न सक्नुपर्दैन र ?

सधैं दूर दूरको व्यवहार गरेपछि को पो नजिक हुन्छर ! साँच्चै भन्ने हो भने जसलाई दलित वा अछुत भनिएको छ तिनीहरुलाई दलित वा अछुत कसले बनायो त ?

के हिन्दु वर्ण व्यवस्थाले होइनर ? अथवा ब्राह्मणिक हिन्दु व्यवस्थाले होइन त ? अरू देशहरु युरोप, अमेरिका, जापान, चीन, रुस जस्ता देशमा छुवाछुत छैन । पहिले विदेशमा काला जाति र गोरा जातिका बिचमा विभेद थियो ।

दक्षिण अफ्रिका काला जातिका नेता नेल्सन मण्डेलाको नेतृत्वमा लामो आन्दोलन भयो । मण्डेलालाई त्यहाँको शासक गोरा शासक पिटर बोथाहरुले विभेद गरेका थिए- पण्डित दाइ ? गोराले २८ वर्षसम्म कडा यातना दिँदै जेलमा थुन्यो ।

मानव जाति काला अथवा गोरा, चुचे अथवा बुच्चे सबै बराबरी छन् भनी स्वीकार्न गोरा शासक पिटर बोथा बाध्य भयो ।

काला जातिले जिते । हार कसको भयो त ? कसैको पनि भएन । मान्छे मान्छे बराबरी भए । कसले जित्यो ? मान्छेले ?

हाम्रो देशमा दूर दूर नभनी वा दूर ! दूरको व्यवहार नगरी सबैलाई नजिक नजिकको व्यवहार गर्ने बानीको विकास हजुरजस्ता ब्राह्मण पुरोहित पण्डितले अनिवार्य रूपमा गरे कोही पनि क्रिस्चियन वा अन्य धर्म अवलम्बन गर्ने थिएन र छैनन् । कस्तो लाग्यो पण्डित दाइ ?

नत्र त !

खोइ के भनूँ सर ! हो भनूँ कि होइन भनूँ ! देवताको पालादेखि चलेको जेठो हिन्दुधर्म संस्कार हो । शास्त्रले भनेका छन् ।

कुन देवताले भने ? कसले सुने ? अनि कसले लेखे ?

चार वेदका रचनाकार पनि मान्छे नै हुन् ।

अनि मनुस्मृति संहितालगायत १८ पुराणका रचनाकार पनि मान्छे नै रहेछन् अर्थात् व्यास आदि ऋृषि नै रहेछन् । भनेपछि निर्माता, स्रष्टा सबै मान्छे नै हुन् ।

फालो, बालो चंदुवा, ताप्के, डाडु पनियो/पन्युँ बनाउने पनि व्यवसायिक जाति नै हुन् । ब्राह्मण प्रभावित हाम्रो समाजमा ब्राह्मण समुदायले के उत्पादन वा निर्माण गरे त पण्डित दाइ ?

लौ भन्नुस् त पण्डित दाइ !

सरको कुरामा चित्त त बुझेकै छ । तर सगरमाथाको यात्रामा त गएको छैन तर त्यो भन्दा गाह्रो अनुभूति भइरहेको छ ।

सर !

गाह्रो त हुन्छ । धर्म संस्कार भनेको चलन हो । समाजमा जे चलायो त्यही चल्छ ।

स्मरण गरौं हिमाली भेकमा बसोबास गर्ने शेर्पा, गुरुङ, थकाली, भोटे र उच्च पहाडमा बस्ने मगर जातिहरु जस्ता जाति पनि नेपाली नै हुन् उनीहरूले बुद्ध धर्म र बुद्ध धर्म जस्तै वोन्पो धर्मसंस्कार संस्कृति मान्छन् । उनीहरूका बिचमा जातीय सामाजिक भेदभाव छैन । सामाजिक र जातीय समानता पाइन्छ ।

कतिपय छनक त तपाईं मुक्तिनाथ तीर्थ यात्रामा जाँदा पनि पाउनु भयो होला । पण्डित दाइ ।

हैन हो ! रात पर्यो अब उठौं !

आवाज आयो !

उठौं ! जाऔं

शुभ सन्ध्या !

ए सरकार !

नारायण गाउँले

एउटा भुइँमान्छेले अत्यधिक चर्को ट्राफिक फाइनबाट आत्तिएर आत्मदाह गऱ्यो ! आधा मरिसकेको र असह्य पीडामा देखिने उसलाई सडकको बिचबाट घिसार्दै हस्पिटल लगियो ! अब यस्तो घटनामा चुप बस्ने कि, स्याब्बास सरकार भन्ने कि, नियम मिचिस्, बल्ल खाइस् भन्ने कि, के भन्ने त ?

के कुनै एउटा नेतालाई, ठूलो मान्छेलाई त्यही अवस्थामा त्यसरी घिसार्दै हस्पिटल लगिएको र उसको मृत्यु भएको भए यसलाई सामान्य मानिने थियो र ? हस्पिटल जान लागेको गाडी एकछिन चेकजाँचका लागि रोकिँदा त मन दुख्छ, रीस उठ्छ, ढिलो हुन्छ कि भन्ने त्रास हुन्छ । राजधानीको मुटुमै सरकारी अधिकारीकै आँखा अगाडिको त्यो दृश्य सामान्य नै थियो त ? आफ्नै नजिकको कसैलाई त्यो तस्बिरमा राखेर हेर्‍यो भने पनि त्यो घटना कति निर्मम, क्रूर र अमानवीय लाग्छ भन्ने सजिलै बुझिन्छ ।

सरकारले आगो लगाएको होइन, आगो लगाउने चाह या नियत पनि होइन । यो त सबैले बुझेकै छन् नि । तर यस्तो संवेदनशील मुद्दामा मान्छेले प्रतिक्रिया नै नदिने भन्ने त हुँदैन नि । स्वाभाविक रूपमा रिस पोख्ने त राज्यलाई नै त हो नि । हो, राज्यका निकायमा यतिबेला तपाईंहरू हुनुहुन्छ । तर जो भएको भए पनि आवेग र रिस पोखिने त त्यहीँ न हो । हिजो प्रेम आचार्यलाई पनि राज्यले नै मट्टीतेल छर्केर आगो लगाएको त होइन नि, तर तपाईं-हामी सबैलाई रिस उठ्यो र सरकारलाई रिस पोखेको त सत्य हो नि ! यस्ता घटनामा बोल्नु, रिस पोख्नु भनेको राज्यलाई, सरकारलाई आगामी दिनमा थप संवेदनशील बनाउनु भन्ने हो । यस्ता घटना सकेसम्म नदोहोरिउन् भन्ने हो । दुर्भाग्यवश यस्ता दुर्घटनाहरू हिजो पनि घटे, आज पनि घट्दै छन् र भोलि पनि घट्न सक्छन् । तर कोसिस त गर्न पर्‍यो, अनि त्यो कोसिस गर्ने काम सरकारकै त हो नि । अरू कसलाई भन्ने हो र ?

यस्तो मानवीय मुद्दामा बोल्नु भनेको राजनीति गर्नु होइन; राजनीतिलाई उत्तरदायी, करुणामय र संवेदनशील बनाउने कोसिस गर्नु हो । यो सरकारको विरोध मात्रै होइन; हाम्रो सिङ्गो राज्य, सामूहिक चेतना र अक्षमताप्रतिको आक्रोश हो । यो नियम मान्न पर्दैन भन्ने आवाज होइन । यो कसले कति गल्ती बाँडेर लिने या कसको टाउकोमा हाल्ने भन्ने मुद्दा नै होइन । अनि यो एउटा पार्किङ् फाइनको मुद्दा पनि होइन । आम युवामा फैलिएको निराशा र मुश्किल बन्दै गरेको 'कस्ट अफ लिभिङ्'को मुद्दा पनि हो ।

सरकारले जिम्मेवारी बोध गर्ने, आफ्ना नागरिकलाई आश्वस्त बनाउने र समस्याको जड पत्ता लगाउनेतिर कोसिस गर्ने पो हो । यस्तो घडीमा सरकार एकदम संवेदनशील र करुणामयी देखिनुपर्ने हो । तर जथाभावी पार्किङ् गरेकाले गणेश नेपालीकै गल्ती थियो भन्ने सावित गर्न सिङ्गो सरकार र दल लागेको अनुभव हुनु साह्रै दुःखद छ ।

नियम-कानुन पालना नगरी कुनै पनि देश सभ्य र सम्पन्न बन्दैन । तर, त्यस्ता नियमकानुन पनि समयानुसार परिवर्तन र संशोधन हुँदै आएका छन् । एभिडेन्स-बेस्ड भएर, स्थानीय अवस्था र वस्तुस्थिति हेरेर नियम कानुन बन्ने र संशोधन गर्ने काम हुन्छ । नत्र त एक सेट संविधान र कानुन बनेकै छ । संसद् सधैँका लागि हटाए पनि हुन्थ्यो । फेरि नियमकानुन त सबैलाई हुन्छ । माथिको मान्छेलाई झन् बढी हुन्छ । तर हामीले गुडीरहेको गाडीको हुडबाट नियमविपरीत टाउको निकालेर हात हल्लाएको पनि धेरै भएको छैन ।

हिजो र आजका सरकारी गतिविधि, टिप्पणी र सन्देशमा अनावश्यक ईगो, बचकाना हरकत र अधीरताको स्पष्ट गन्ध आएको छ । सरकारले यो विरोधलाई व्यक्तिगत मानेको, जम्मिवारी पन्छाउन खोजेको, पार्किङ्को मात्रै समस्या देखाउन खोजेको र नियम नमान्ने गणेश नेपालीहरू नै देशको समस्या भएको जस्तो भाष्य बनाउन खोजेको त होइन जस्तो देखिन थालेको छ । एउटा जिम्मेदार र अति नै ठूलो गणित भएको पार्टी र उसको सरकार छ भन्ने विश्वास कठोरता या उत्ताउलोपनले होइन, विनम्रताले पनि दिन सकिन्छ ।

कथाहरूमा हनुमानजीलाई आफ्नो शक्ति र सामर्थ्य बिर्सिने श्राप परेको भन्ने सुन्न पाइन्छ ! सरकारले पनि कतै आफ्नो अद्भुत जनविश्वास, अभेद्य गणित र ऐतिहासिक अवसरलाई राम्रोसँग चिन्न नसकेको पो हो कि ? अलि व्यक्तिगत स्तरका ईगो र आवेगलाई व्यवस्थापन गर्न नसकेको हो कि ?

केहीको आफ्नो स्वार्थ होला तर देशविदेशका लाखौँ नेपालीले स्वार्थरहित समर्थन र विश्वास गरेका छन् भन्ने नभुले हुन्थ्यो, चुनावको परिणाम नै आफैमा सर्वोच्च आश्चर्य र सरप्राइज भएकाले अन्य सानातिना स्टन्टमा नलागे हुन्थ्यो, अनि इतिहासकै सर्वाधिक बलशाली सरकार भएकाले विरोधका दुईचार स्वरमै उत्ताउलोपन देखाउँदै मसल प्रदर्शनतिर ध्यान नदिए हुन्थ्यो भन्ने मजस्ता केही भुइँमान्छेलाई लागेको छ ।

बाँकी त, झोले भन्ने र ओठभरिको जवाफ फर्काउने विकल्प पनि छँदैछ !

घटना र विचारबाट

आरोग्य जीवन राष्ट्रिय अभियानको सान्दर्भिकता

डिल्लीराज पौडेल

रोग लागेपछि उपचार गर्नु मात्र पर्याप्त हो वा रोगको जोखिम न्यूनीकरण गर्ने स्वस्थ जीवनशैली निर्माण गर्नु अझ ठूलो राष्ट्रिय जिम्मेवारी हो ? आजको सार्वजनिक स्वास्थ्य बहसको केन्द्रमा यही प्रश्न रहेको छ । स्वास्थ्य प्रणालीको सफलतालाई अब केवल अस्पताल, औषधि, उपचार सेवा वा स्वास्थ्य पूर्वाधारको विस्तारबाट मात्र मापन गर्न सकिँदैन । नागरिकले कति स्वस्थ, सचेत, जिम्मेवार तथा उत्पादनशील जीवन बिताइरहेका छन् भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण भएको छ । त्यसैले विश्वव्यापी रूपमा स्वास्थ्यको केन्द्रविन्दु उपचारमुखी सोचबाट क्रमशः रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा समग्र आरोग्यतर्फ रूपान्तरण हुँदै गएको छ ।

यस परिवर्तित सन्दर्भमा नेपालका लागि पनि आरोग्यलाई राष्ट्रिय विकासको आधारका रूपमा पुनःस्थापित गर्ने महत्वपूर्ण अवसर सृजना भएको छ । स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । त्यसैले स्वास्थ्यलाई केवल रोगको उपचारसँग सीमित नराखी नागरिकको जीवनशैली, मानसिक सन्तुलन, पोषण, सामाजिक व्यवहार, वातावरण तथा जीवनपद्धतिसँग जोडेर हेर्ने दृष्टिकोण सुदृढ हुँदै गएको छ । यही सोंचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई राष्ट्रिय जनचेतना, स्वस्थ जीवनशैली तथा रोकथाममुखी सार्वजनिक स्वास्थ्यको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । यसले नेपालका लागि अर्को महत्वपूर्ण अवसर पनि सृजना भएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको छ । यस घोषणाले आरोग्यलाई व्यक्तिगत जीवनशैलीको विषय मात्र नभई रोकथाममुखी सार्वजनिक स्वास्थ्य, मानसिक सुदृढता, सामाजिक कल्याण तथा दिगो विकाससँग जोडिएको विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गरेको छ । नेपालका लागि यो अन्तरराष्ट्रिय मान्यता केवल कूटनीतिक उपलब्धि मात्र होइन, आरोग्यमुखी जीवनशैली, सार्वजनिक स्वास्थ्य प्रवर्द्धन, आरोग्य कूटनीति, वेलनेस पर्यटन, आध्यात्मिक पर्यटन तथा मानव केन्द्रित विकासलाई राष्ट्रिय नीतिसँग एकीकृत गर्ने ऐतिहासिक अवसर पनि हो ।

आधुनिक चिकित्सा विज्ञान मानव सभ्यताको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक हो । रोग पहिचान, निदान, शल्यक्रिया, औषधि, खोप, सघन उपचार तथा स्वास्थ्य प्रविधिमा भएको उल्लेखनीय प्रगतिले करोडौँ मानिसको जीवन बचाएको छ, औसत आयु बढाएको छ तथा जटिल रोगहरूको प्रभावकारी उपचार सम्भव बनाएको छ ।

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेका बेला पनि गैरसङ्क्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्र रूपमा बढिरहेका छन् । यसले स्पष्ट रूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई समान प्राथमिकता दिनुपर्दछ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसङ्क्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो । नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ । असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन् । यी तथ्याङ्कहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा औँल्याउँछन् ।

मानसिक स्वास्थ्यको अवस्था झन गम्भीर बन्दै गएको छ । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए, अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए । उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन् ।

विशेषगरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ । त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अङ्गका रूपमा समेटिनुपर्दछ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ । श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुनःस्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन् । त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिक मात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो । त्यसैले स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन । शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ । सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ । यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ ।

नेपालका सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ । बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेका छन् । त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ । विश्वव्यापी रूपमा पनि आरोग्यमुखी सोच तीव्र रूपमा विस्तार भइरहेको छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ । यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ । नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो । हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन् । साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैँमा आरोग्यमुखी जीवनशैलीका महत्वपूर्ण आधार हुन् । यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तरराष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवर्द्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ ।

आरोग्य भनेको रोगको अनुपस्थिति मात्र होइन । यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबिचको सन्तुलित अवस्था हो । त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरु आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो । उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ, जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ । भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ । यही दृष्टिकोणलाई विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्रवर्द्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत् जोड दिएको छ । यसको सार के हो भने स्वास्थ्य मन्त्रालयले मात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, शहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आफ्ना नीति र कार्यक्रममार्फत् नागरिकको आरोग्य प्रवर्द्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो । नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुनेछ ।

विश्व स्वास्थ्य सङ्गठनले स्वस्थ बुद्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ । नेपाल पनि क्रमशः वृद्धजनको संख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुद्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ । नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछन् ।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ । सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक सङ्गठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन् । विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रभावका बीच गलत सूचना तथा छद्म वैज्ञानिक स्वास्थ्य दाबीबाट नागरिकलाई जोगाउनु आजको महत्वपूर्ण दायित्व हो ।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसङ्घका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्वपूर्ण उत्पादनशील पुँजी हो । रोकथाममुखी सार्वजनिक स्वास्थ्य प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ । यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो ।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ । 'औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम' भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रूपान्तरण हुनुपर्दछ । जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ, तब मात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुनेछ ।

अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको संख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन ।

सत्ता पक्षको...

राईले कुनै बेला मलाई बोल्न दे सरकार, गरिबको चमेली बोलिदिने कोही छैन जस्ता गीत गाउँदै हिँड्ने र १८२ सीटको प्रचण्ड मतसहितको कार्यकारी भूमिकामा रहेको व्यक्ति एउटै हो कि होइन भन्दै प्रश्न गरे । नेपाली कांग्रेसकी सांसद प्रमिलाकुमारी गच्छदारले सञ्चारगृहको गेटमा गाडी तेर्साइनु वाक स्वतन्त्रतामाथिको धावा भएको बताएकी छन् ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भनिन्-'सञ्चारगृहहरूको गेटमा र नेपाली कांग्रेसका सभापति गगन थापाको घरको गेटमा शंकास्पद रूपमा गाडीहरू तेर्साएर नागरिक क्षेत्रलाई तर्साउने जुन योजनाबद्ध खेल भयो यो नागरिक क्षेत्रको प्रत्यक्ष आक्रमण हो । यो वाक स्वतन्त्रतामाथिको धावा हो ।'

अनलाइनखबर, हिमालय टीभी र कान्तिपुर मिडिया हाउसका कार्यालयअघि सोमबार बिहान शंकास्पद रुपमा गाडी पार्किङ गरिएको थियो । गाडीहरू कार्यालय प्रवेशमा अवरोध गर्ने गरी पार्किङ गरिएको थियो । एकै समयमा उस्तै तरिकाले पार्किङ गरिएको थियो । शंकास्पद तरिकाले पार्किङ गरिएपछि मिडिया हाउसहरूले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि तीनवटै मिडिया हाउसमा प्रहरी आएर गाडीधनीको सोधखोज गरेका थिए । कसले यस्तो गऱ्यो भन्ने अहिलेसम्म प्रहरीले ठोस रुपमा पत्ता लगाएको छैन ।

मिडियाहरूको आवतजावतमा अवरोध गर्ने गरी शंकास्पद रूपमा पार्किङ गरिएको घटनाबारे संसद्मा प्रश्न उठेको हो । यसलाई कांग्रेस सांसद गछदारले नागरिक स्वतन्त्रतामाथिको दमनकारी नीति भनेकी छन् ।

सरकारको आलोचना गर्दा आफूलाई मार्ने धम्की आयो : महर

प्रतिपक्षी दल नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले गुण र दोषको आधारमा सरकारको आलोचना गर्दा आफूलाई मार्ने धम्की आउने गरेको गुनासो गरेका छन् । मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा सभामुख डीपी अर्यालले उपलब्ध गराएको समयमा बोल्ने क्रममा उनले आफूलाई मार्ने धम्की आउने गरेको गुनासो गरेका हुन् ।

आफूहरू सदनमा जनताका कुरा राख्न जनताबाटै अभिमत लिएर आएको भन्दै निरपेक्ष रुपमा सरकारको विरोध नगरिएको सांसद महरको भनाइ थियो ।

'सरकारको हामी गुण र दोषको आधारमा समर्थन र विरोध गर्छौं । सरकारलाई हामी सही बाटो देखाउन चाहन्छौं,' उनले भने- 'विडम्बना, सदनमा बोलिरहँदा सरकारको कहिलेकाँही विरोध गरेको केही मान्छेहरूलाई आभाष हुँदो रहेछ । मलाई निरन्तर धम्की आइराखेको छ । फेसबुकमा, फोनमा गोली हानिदिन्छु, मारिदिन्छु भनेको छ ।'

प्रमुख सचेतक महरले संसद् चलिरहेकै बेला पनि आफूलाई सामाजिक सञ्जाल फेबसुकमा गोली हानेर मारिदिने धम्की आएको बताए । 'भर्खरैमात्रै दुई जनाले मेरो स्टटासमा कमेन्ट गरिराख्नुभएको छ । म यहाँ पढेर सुनाउन चाहन्छु- ऐन महर आम्मा कसम तलाई म गोली हानेर मार्छु भनेर आफ्नो नम्बर पनि दिनुभएको छ, सभामुख महोदय,' उनले भने, 'उहाँले आफ्नो ठेगाना पनि दिनुभएको छ । आजै भन्नुभएको छ ।'

यस्तै प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टीका मुख्य सचेतक युवराज दुलालले सरकारको कार्यशैलीप्रति आपत्ति जनाउँदै सरकारलाई संसदप्रति जवाफदेही बन्न आग्रह गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै उनले सरकार गठनको सय दिन पूरा भई 'मधुमास' अवधि सकिएको उल्लेख गर्दै उनले प्रधानमन्त्रीले तत्काल संसदमा उपस्थित भई जनतालाई आश्वस्त पार्नुपर्ने माग गरे ।

सांसद दुलालले बहुदलीय लोकतन्त्रमा सरकारले आलोचना र प्रश्न सुन्नुपर्ने र त्यसको उचित जवाफ दिनुपर्ने संवैधानिक दायित्व रहेको स्मरण गराए ।

सरकारकै तथ्याङ्कअनुसार गत वर्षको तुलनामा महङ्गी दोब्बर बढेको उल्लेख गर्दै दुलालले यसको प्रत्यक्ष मार गरिब, मजदुर र साना व्यवसायीमा परेको बताए ।

सरकारले कर्मचारीको तलब बढाए पनि आम नागरिकको आर्थिक अवस्था सुधार्न र विचौलिया तन्त्र नियन्त्रण गर्न ठोस कदम नचालेको उनको आरोप छ ।

भदौ २३ र २४ गतेको घटनामा मानव अधिकार आयोगले प्रश्न उठाएका व्यक्तिलाई पुनः गृहमन्त्री बनाइएको भन्दै उहाँले सरकारको नियतमाथि प्रश्न उठाए ।

गृहमन्त्रीको सम्पत्ति छानबिन प्रतिवेदन सार्वजनिक नगरिएको र गम्भीर कानुनी मुद्दाहरूमा दोहोरो मापदण्ड अपनाइएको भन्दै संसदलाई स्पष्ट जवाफ चाहिएको पनि उनले बताए । सुकुम्वासी बस्तीमा सरकारले अमानवीय व्यवहार गरेको भन्दै दुलालले आक्रोश व्यक्त गरे ।

सूचनाविना नै सुकुमवासीहरूलाई होल्डिङ सेन्टरमा पुऱ्याइएको र त्यहाँ खानपिनको समेत अभाव रहेको खबर आएको उनले जानकारी दिए । सरकारले खर्च कटौती र मन्त्रालय घटाउने निर्णयको स्वागत गरे पनि स्थायी संयन्त्रलाई बाइपास गरी सल्लाहकारहरूको भीड जम्मा गरेकोमा उनले आलोचना गरे ।

'संसद् सरकारको जन्मदाता र सरकारलाई नियन्त्रण एवं सन्तुलन गर्ने राज्यको महत्त्वपूर्ण अङ्ग हो । यो सदन मन्त्रीले सांसदलाई धम्काउने थलो होइन, बरू सरकारलाई जवाफदेही बनाउने सर्वोच्च जनप्रतिनिधि संस्था हो,' उनले भने- 'नागरिकले आत्मदाह गर्दा राज्यले जवाफ दिनुको सट्टा संसदको रोष्टमबाट मन्त्रीले धम्की दिने कार्य लोकतन्त्रका लागि सुहाउने कुरा होइन । हिजो प्रश्न गरेरै जन्मिएको दल आज प्रश्नबाटै डराउनु लोकतान्त्रिक चरित्र होइन ।'

सञ्चार माध्यममाथि राज्य संरक्षित 'पार्किङ आतङ्क' मच्चाइएको, ट्रेड युनियन र विद्यार्थी सङ्गठनका अधिकारहरू कुण्ठित गरिएको र नागरिकको शान्तिपूर्ण आलोचनालाई दण्डित गर्ने शैलीले तानाशाहीको झल्को दिएको उनको भनाइ थियो ।

साथै, संवैधानिक अङ्गहरूलाई बालुवाटारबाट नियन्त्रण गर्न खोजिएको र कर्मचारी प्रशासनमा आतङ्क सिर्जना गरिएकोमा पनि उहाँले सरकारको ध्यानाकर्षण गराए । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद रमेशकुमार मल्लले राज्यले संरक्षण गरेकाहरूले नै मिडिया र राजनीतिक नेतृत्वको घरमा त्रसित बनाउने गतिविधिमा संलग्न रहेको आरोप लगाएका छन् ।

मंगलबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले गणेश नेपाली प्रकरणलाई ओझेलमा पार्नका लागि सरकार संरक्षितहरूले सडक जाम गराउने र मिडिया तथा राजनीतिक नेतृत्वमाथि त्रास फैल्याउने खालका गतिविधि गरेको जिकिर गरे ।

'राज्य संरक्षित मान्छेहरूबाट न्युरोड लगायतका मुख्य सडकहरूमा दिनभरजसो सडक जाम गरियो, अवरोध गरियो । अस्तव्यस्त बनाइयो । हिजो मिडिया हाउसको अगाडि एकाबिहानै गाडीहरू तेर्साइयो,' सांसद मल्लले भने- 'प्रमुख प्रतिपक्ष दलको नेताको घर खोज्दै गएर गाडी लिएर रोकेर जाने काम पनि भयो । र, दिनभर के हो, कसो हो ? भनेर होहल्ला धेरै भयो । तर प्रकारन्तरले देखियो कि राज्य संरक्षित केही मान्छेहरूबाट नै यो गतिविधि गरियो ।'

सांसद मल्लले सरकारले सामान्य नागरिकले हितमा कुनैपनि काम गर्न न सकेको गुनासो पनि गरे । 'म राज्यलाई सोध्न चाहन्छु-५ सय देखि लाखौंको जरिवाना गर्छु भनेर भन्ने सरकारले त्यो प्रश्तावलाई अघि बढाउने, छलफलको विषय बनाउने सरकारले आज ५ सयको चिट काटेर उनीहरूलाई छोड्दैछ भन्ने सुनियो । यो राज्यले यस्तो काम गर्ने, उनीहरूलाई ५ सयको चिट काटेर घर पठाउने,' उनले भने- 'यो कुनै हालतमा हुन सक्दैन सभामुख महोदय । यिनलाई लाखौंको जरिवाना तिराउनु पर्दछ । र त्यो गाडी जफत गरिनु पर्दछ भन्ने मेरो जिकिर हो सभामुख महोदय । र, जसले यो गतिविधि गरेको छ र यसको योजना बनाएको छ । उनीहरूलाई छिटो भन्दा छिटो छानविन गरेर कारबाही गर्नु पर्दछ ।'

साथै, उनले प्रधानमन्त्री शाहले राष्ट्रियता विरोधी अभिव्यक्ति हालसम्म पनि नसच्याएको भन्दै आपत्ति समेत जनाए ।

राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले सरकारले राज्य संयन्त्र दुरुपयोग गरेर आतंक सिर्जना गरेको आरोप लगाएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै शाहीले मिडिया र प्रतिपक्षी दलका नेताका घर अगाडि अवैध रूपमा पार्किङ गराउने, त्यसको भिडियो सामाजिक सञ्जालमा फैलाउने र 'अल्गोरिदम' प्रयोग गरेर जनमत प्रभावित पार्ने काम भइरहेको बताए । 'घरको अगाडि पार्किङ गराएर, अल्गोरिदम फैलाएर जसरी राज्य आतंक सिर्जना गरिएको छ, यो कालान्तरमा इतिहासमा कालो अक्षरले लेखिनेछ,' उनले भने । हिजो सिंहदरबारभन्दा मान्छेको जीवन ठूलो भन्नेहरूले नै आज मान्छेको जीवनभन्दा नियम ठूलो भन्ने गरेको टिप्पणी समेत उनले गरे ।

ट्राफिक नियम पालना नगर्दा सर्वसाधारणलाई कारवाही भइरहँदा प्रधानमन्त्री र गृहमन्त्रीलाई कारवाही किन हुँदैन भनी उनले प्रश्न गरेका छन् । प्रधानमन्त्री र गृहमन्त्रीले सिटबेल्ट नलगाई गाडी चलाउने गरेको भन्दै शाहीले उनीहरुलाई पनि कारबाहीको माग गरे ।

शाहीले कर्णालीमा भिरमा अड्किएका नागरिकको समयमै उद्धार हुन नसक्दा मृत्यु भएको घटनाबारे सरकारसँग जवाफ माग्दा त्यसलाई राजनीतिकरण गरिएको भन्ने आरोप लगाइएको बताए । साथै उनले राजनीतिकरण भनेको केहो भन्ने उदाहरणसहित सुनाए । 'आफैं सरकारमा बस्ने, आफैं आफ्ना कार्यकर्ता लगाएर सञ्चारमाध्यमका कार्यालय र प्रतिपक्षका घरअगाडि अवैध पार्किङ गराउने, त्यसको भिडियो बनाएर सर्वसाधारणले गरेको भन्दै अल्गोरिदम फैलाएर मिडियाबाजी गर्ने गतिविधिलाई राजनीतिकरण भनिन्छ ।'- उनले भने ।

'पानी बाँड्न गएको हुँ भन्ने, पोशाक लगाएका विद्यार्थीलाई ढाल बनाएर लासको सिँढी चढ्दै राज्यसत्तामा पुग्ने गतिविधिलाई राजनीतिकरण भनिन्छ । भिरमा अड्किएको मान्छेलाई उद्धार गर भन्नु राजनीतिकरण होइन ।'- उनले भने ।

शाहीले थप भने, 'संसद भवन चाहिँदैन, संसद चाहिँदैन भन्दै आगो लगाउने, तर पछि त्यही संसदको चुनाव लड्ने गतिविधिलाई राजनीतिकरण भनिन्छ । आफू पदमा नहुँदा नेताको तलब हटाउनुपर्छ, अगाडि-पछाडि टाइँटाइँ र टुइँटुइँ गाडी सुरक्षाकर्मी राख्न हुँदैन भन्ने, सत्तामा पुगेपछि आफ्नै अगाडि पछाडि सुरक्षाकर्मीको लावालस्कर र प्रवृत्तिलाई राजनीतिकरण भनिन्छ ।'

'गरिबमाथि सरकारले धारे हात लगाएर निमोठ्न सुरु गरेको छ : राई

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले प्रधानमन्त्रीले दिएको विवादित अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गरेका छन् । उनले लामो समय बितिसक्दा पनि आफ्नो माग सम्बोधन नभएको भन्दै सरकारको आलोचना गरे ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद राईले भने- 'प्रधानमन्त्रीको अभिव्यक्ति रेकर्डबाट हटाउन माग गरेको यत्रो समय भयो । तर ढुंगा बोल्ला, मान्छे बोल्दैन भनेजस्तै भएको छ ।'

उनले काठमाडौं महानगरपालिकाको मेयर हुँदा प्रधानमन्त्रीले फेसबुकमार्फत दिएका अभिव्यक्तिको प्रसंग उठाउँदै त्यसलाई अहिले पनि गम्भीर रूपमा लिनुपर्ने बताए । कोटेश्वरमा श्रीमती सवार गाडीलाई ट्राफिक प्रहरीले चेक गर्दा बालेनले सिंहदरबार जलाइदिने धम्की दिएको स्मरण गर्दै राईले त्यसपछि सिंहदरबार, संसद् र सर्वोच्च अदालतलगायत राज्यका प्रमुख संरचनामा आगजनी भएको जनाए ।

प्रधानमन्त्रीको उक्त अभिव्यक्ति नियतवश नभई गल्तीवश आएको भए सदनमा आएर फिर्ता लिनुपर्ने उनले माग गरे । सांसद राईले वर्तमान सरकारले गरिब, निमुखा र श्रमिक वर्गको पक्षमा काम गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यसविपरीत काम गरिरहेको आरोप लगाए ।

उनले पठाओ राइडर, सुकुम्वासी, श्रमिक नागरिक तथा साना उद्यमीमाथि सरकारले दबाब सिर्जना गरिरहेको दाबी गरे । 'गरिबमाथि सरकारले धारे हात लगाएर निमोठ्न सुरु गरेको छ । सरकारले यस्तो काम नगर्न आग्रह गर्छु ।'- उनले भने ।

राईले लामो समयदेखि राज्यका न्यून सुविधामा काम गरिरहेका करार तथा ज्यालादारी कर्मचारीलाई ठेकेदारमार्फत व्यवस्थापन गर्ने प्रयास भइरहेको आरोप पनि लगाए ।

उनले करिब दुई दशकदेखि सरकारी सेवामा रहेका हजारौं करार तथा ज्यालादारी कर्मचारीलाई सर्वोच्च अदालतको आदेशअनुसार महँगी भत्ता र सामाजिक सुरक्षा कोषलगायत सुविधा उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराए ।

'सर्वोच्च अदालतको आदेश कार्यान्वयन गरी कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्न सरकारलाई आग्रह गर्दछु ।'- राईले भने ।

B.H.M.S. Registration Certificate हराएको सूचना

नेपाल स्वास्थ्य व्यवसायी परिषद् (Nepal Health Professional Council) बाट मिति २०६५/११/२० (०२/०३/२००९) मा जारी गरिएको दर्ता नं. A-34Alt "HM" भयको B.H.M.S. Registration Ceritificate मिति २०८३ /०२ /२५ गते राजमार्ग चौराहदेखि पुस्पपथ सुख्खानगर घरमा जानेक्रममा हराएको हुँदा र धेरै खोजतलास गर्दा पनि फेला नपरेकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उक्त प्रमाणपत्र फेला पार्नुहुने जोकोहि मानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु । साथै उक्त प्रमाणपत्रको दुरुपयोग भएमा त्यसबाट हुने कुनै पनि कार्यप्रति म स्वयं जिम्मेवार रहनेछैन ।

नाम: संगीत प्रधान (Sangeet Pradhan)
ठेगाना: बुटवल

चुङरी बुकीमा पर्यटकः
रूकुम पूर्वको चुङरी बुकीमा घुम्न आएका आन्तरिक पर्यटक। पछिल्लो समयमा पर्यटकीय गन्तव्यको रुपमा चर्चामा आएको चुङरी बुकी समुद्री सतहदेखि चार हजार २०० मिटरको उचाइमा रहेको छ। यहाँ देशका विभिन्न जिल्लाबाट मानिसहरु घुम्न आउने गर्छन्। तस्विरः रासस

रियाना बुटिक एण्ड गार्मेन्ट ट्रेनिङ्ग सञ्चालनमा

बुटवल । महिलालाई सीप, स्वरोजगार र उद्यमशीलतासँग जोड्ने उद्देश्यले स्थापना गरिएको रियाना बुटिक एण्ड गार्मेन्ट ट्रेनिङ्ग इन्स्टिच्युट बुटवलमा सोमबार औपचारिक रूपमा उदघाटन गरिएको छ। 'सीप सिकौँ, आत्मनिर्भर बनौँ र सफल भविष्य निर्माण गरौँ' भन्ने मूल नारासहित सञ्चालनमा आएको संस्थाले साउन १ गतेदेखि नियमित रूपमा बुटिक तथा गार्मेन्टसम्बन्धी व्यावसायिक तालिम सञ्चालन गर्ने भएको छ।

इन्स्टिच्युटको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले आजको समयमा सीपमूलक शिक्षाले व्यक्तिलाई आत्मनिर्भर बनाउनुका साथै आर्थिक रूपमा सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताइन् । विशेषगरी महिलाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ अग्रसर गराउन यस्ता तालिम केन्द्रहरूको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै उनले सीप नै दीर्घकालीन आयआर्जनको आधार भएको धारणा व्यक्त गरिन्।

उप-प्रमुख अर्यालले बुटवल उप-महानगरपालिकाले विभिन्न लक्षित वर्गका महिलालाई सीपसँग जोड्दै उद्यम विकासका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिँदै निजी क्षेत्रबाट सञ्चालनमा आएको यस्तो संस्थाले पनि प्रशिक्षार्थीलाई व्यावसायिक ज्ञान, दक्षता र रोजगारीका अवसरसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले उद्यमशील समाज निर्माणका लागि दक्ष जनशक्ति उत्पादन अपरिहार्य रहेको बताए। महिलाहरूलाई उद्योग तथा साना उद्यमसँग जोड्न यस्ता व्यावसायिक तालिम केन्द्रले प्रभावकारी भूमिका खेल्ने उल्लेख गर्दै उनले सीपलाई उत्पादन र बजारसँग जोड्न सके स्वरोजगारसँगै आर्थिक विकासमा समेत टेवा पुग्ने धारणा राखे।

त्यस्तै रुपन्देही व्यापार संघका कोषाध्यक्ष तथा रुपन्देही होजियारी संघका अध्यक्ष अर्जुन भट्टराईले सीपले व्यक्तिको जीवन परिवर्तन गर्ने शक्ति राख्ने बताए। उनले व्यावसायिक सीप हासिल गरेपछि रोजगारी खोज्नुभन्दा रोजगारी सिर्जना गर्न सकिने उल्लेख गर्दै यस्ता तालिमले स्थानीय उत्पादन, उद्यमशीलता र राष्ट्रिय अर्थतन्त्रलाई समेत बलियो बनाउन सहयोग पुग्ने जनाए।

कार्यक्रमका प्रमुख प्रशिक्षक तथा मोटिभेशनल स्पीकर डा. विष्णु घिमिरेले प्रशिक्षार्थीलाई प्रेरणामूलक सहजीकरण गर्दै पैसा भन्दा ठूलो सम्पत्ति सीप भएको बताए। उनले सीपसँगै लगनशीलता, निरन्तर अभ्यास, अनुशासन र मेहनत भएमा सफलता प्राप्त गर्न कठिन नहुने उल्लेख गर्दै तालिमलाई केवल प्रमाणपत्रका लागि नभई व्यावसायिक दक्षता विकासका रूपमा लिन आग्रह गरे।

इन्स्टिच्युटका सञ्चालक मदन घिमिरेले बुटवलमा लामो समयदेखि सञ्चालनमा रहेको लक्ष्मी होजियारी एण्ड गार्मेन्ट उद्योगबाट प्राप्त अनुभवलाई आधार बनाएर व्यावसायिक तालिम केन्द्र स्थापना गरिएको जानकारी दिए। उद्योगमार्फत् हाल करिब ७० देखि ८० जनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको उल्लेख गर्दै उनले तालिम पूरा गरेका युवायुवतीलाई उद्योगमै रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने लक्ष्य रहेको बताए।

उनका अनुसार इन्स्टिच्युटमा सञ्चालन हुने तालिम पूर्ण रूपमा व्यवहारिक र बजारमुखी हुनेछ। प्रशिक्षार्थीलाई बुटिक, गार्मेन्ट, कटिङ, सिलाइ, डिजाइनिङ तथा व्यवसाय सञ्चालनसम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ । तालिम पूरा गरेपछि आफ्नै व्यवसाय सञ्चालन गर्न तथा गार्मेन्ट उद्योगमा रोजगारी प्राप्त गर्न सक्ने गरी दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य संस्थाले लिएको उनले जनाए।

रियाना बुटिक एण्ड गार्मेन्ट ट्रेनिङ्ग इन्स्टिच्युटमा साउन १ गतेदेखि पहिलो चरणको तालिम सुरु हुनेछ। हालसम्म करिब ६० जनाले नाम दर्ता गरिसकेका छन्। संस्थाले एक महिने एड्भान्स र तीन महिने आधारभूत व्यावसायिक तालिम सञ्चालन गर्ने जनाएको छ।

कार्यक्रममा सहायक प्रशिक्षक निलम पाण्डेले तालिमको प्रकृति, पाठ्यक्रम, सिकाइ प्रक्रिया तथा तालिमपछि प्राप्त हुने अवसरबारे जानकारी गराएकी थिइन्। कार्यक्रमको सहजीकरण पत्रकार पारु न्यौपानेले गरेकी थिइन्।

सन्धिखर्कको इतिहास अब स्मृति स्तम्भमा

अर्घाखाँची । ऐतिहासिक घटनालाई पुस्तौँसम्म जीवन्त राख्ने उद्देश्यले शान्ति बगैँचामा तत्कालीन अर्घा र खाँची राज्यका राजाको स्मृति स्तम्भ स्थापना गरिएको छ।

युद्ध, वैमनस्य र सङ्घर्षलाई अन्त्य गर्दै शान्ति, मेलमिलाप र सहकार्यको सन्देश दिने उद्देश्यले अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा उक्त स्मृति स्तम्भ निर्माण गरिएको हो । अर्घा र खाँची दुई राज्यबीच बेला-बेलामा युद्ध र द्वन्द्व हुने गरेको सन्दर्भ स्मृति स्तम्भमा स्पष्ट देखिन्छ।

सङ्घर्षपछि दुवै राज्यका राजाले एउटा खर्कमा भेट गरी औपचारिक रूपमा सन्धि गरेको जनविश्वास रहिआएको छ। ऐतिहासिक घटनाबाट उक्त स्थानको नाम 'सन्धि भएको खर्क' अर्थात् 'सन्धिखर्क' रहन गएको हो भन्ने विषय इतिहासका पुस्तकमा उल्लेख छ।

सन्धिका कारण सन्धिखर्क नाम रहन गएको हो भने अर्घा र खाँची दुई राज्यको नाम जोडिएर आजको अर्घाखाँची जिल्लाको नामकरण भएको विश्वास स्थानीय समुदायमा प्रचलित छ।

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले इतिहासलाई संरक्षण गर्दै नयाँ पुस्तालाई आफ्नै भूमि र पहिचानसँग जोड्ने उद्देश्यले शान्ति बगैँचामा ऐतिहासिक स्मारक निर्माण गरेको बताए। सालिकमा तत्कालीन अर्घा राज्यका राजा अचिन्ताय शाह र खाँची राज्यका राजा विक्रम शाहले हात मिलाएर सन्धि गरेको दृश्यलाई मूर्तरूप दिइएको छ।

युद्धभन्दा शान्ति महान् हुन्छ भन्ने सन्देश दिने यो कलात्मक संरचनाले इतिहासलाई केवल पुस्तकमा सीमित नराखी प्रत्यक्ष अनुभूति गराउने प्रयास गरेको छ। खाँची राज्यका एघारौँ पुस्ताका राजा विक्रम शाहले विसं १७२१ देखि १७३४ सम्म शासन गरेका थिए। सोही अवधिमा अर्घाका राजा अचिन्ताय शाहसँग सन्धि भएको इतिहासका जानकार तीर्थराज आचार्यले बताए।

अर्घाका राजाले आपसीहितका विषयमा छलफल गर्ने बहानामा खाँचीका राजालाई सन्धिखर्कमा बोलाएका थिए । त्यसक्रममा खाँची राज्यमाथि सेना परिचालन गर्ने योजना बनेको जानकारी पाएपछि खाँचीका राजा आफ्ना सैनिकसहित प्रतिरक्षामा उत्रिएका थिए। त्यसपछि भएको युद्धमा अर्घाली सेनापछि हट्न बाध्य भएको र अन्ततः दुवै पक्षले युद्धको कुनै अर्थ नरहेको निष्कर्ष निकाल्दै सन्धि गरेको इतिहासमा उल्लेख छ।

सन्धिखर्कको नाम शान्ति र सन्धिसँग जोडिएको विश्वास छ । यकिन गर्न निर्माण गरिएको सो स्मृतिस्थल आन्तरिक पर्यटक, विद्यार्थी, अनुसन्धानकर्ता तथा इतिहासप्रेमीकाका लागि आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ।

लुम्बिनी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयको आर्थिक सहयोग तथा सन्धिखर्क नगरपालिकाको समन्वयमा स्मृति स्तम्भ निर्माण गरिएको हो। उक्त स्मारक जिल्लाको ऐतिहासिक पहिचान संरक्षण गर्नुका साथै नयाँ पुस्तालाई आफ्नै इतिहासप्रति गर्व गर्ने वातावरण सिर्जना गरेको सन्धिखर्क-१ का वडाध्यक्ष माधव श्रेष्ठले जनाए।

इतिहासअनुसार अर्घा राज्यका अन्तिम राजा वीरकुमार शाह र खाँची राज्यका अन्तिम राजा दुर्गा शाह थिए। पृथ्वीनारायण शाहकी जेठी मुमा चन्द्रप्रभावती खाँची राज्यकी राजकुमारी रहेको इतिहासमा उल्लेख छ।

राज्य सञ्चालनको अनुभव, कूटनीतिक सोच र नेपाल एकीकरणका लागि प्रेरणा दिने व्यक्तित्वका रूपमा चन्द्रप्रभावतीको महत्वपूर्ण भूमिका रहेको इतिहासकार बताउँछन्।

चन्द्रप्रभावतीको नामबाट सन्धिखर्क-७ मा चन्द्रप्रभा माध्यमिक विद्यालय स्थापना गरिएको छ, जसले स्थानीय इतिहासलाई थप जीवन्त बनाएको बताइन्छ। स्थानीय बुद्धिजीवी पुस्तकका पानामा इतिहास सीमित हुँदा नयाँ पुस्ताले त्यसको गहिराइ सहज रूपमा बुझ्न सक्दैनन् । त्यसैले स्मारक र ऐतिहासिक संरचनाले इतिहासलाई प्रत्यक्ष अनुभूति गराउने भएकाले यसको महत्व अझ बढेको बताउँछन्।

विद्यालय तथा कलेजका विद्यार्थीले अर्घाखाँची भ्रमण गर्दै सन्धिखर्कको उत्पत्ति, अर्घा-खाँची राज्यको इतिहास र जिल्लाको पहिचानबारे प्रत्यक्ष जानकारी लिन सक्ने वातावरण बनेको भूमिकास्थान नगरपालिका-८ का वडाध्यक्ष राजकुमार श्रेष्ठ बताउँछन् । पर्यटन प्रवर्द्धनका दृष्टिले स्मारक महत्वपूर्ण उपलब्धि मानिएको छ।

धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाले भरिपूर्ण अर्घाखाँचीमा सुपादेउराली, पाणिनी तपोभूमि, अर्घा र खाँचीदरबार, अर्घा भगवती मन्दिर लगायतका गन्तव्यसँगै शान्ति बगैँचामा रहेको उक्त स्मृति स्तम्भ नयाँ पर्यटकीय आकर्षणका रूपमा थपिएको छ। सन्धिखर्क केवल बजारको नाम होइन। युद्धबाट शान्तितर्फको यात्राको प्रतीक हो । सोही सन्देशलाई भावी पुस्तामा पुऱ्याउने उद्देश्यले शान्ति बगैँचामा स्थापना गरिएको अर्घा र खाँचीका दुई राजाको सालिकले अर्घाखाँचीको इतिहासलाई सदैव जीवन्त राख्ने विश्वास गरिएको छ।

संविधानको आधारभूत संरचना बदल्न खोजिए अदालतमा चुनौती : शाक्य

बुटवल । वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले संविधान संशोधनका नाममा आदिवासी जनजातिका अधिकार कमजोर पार्ने प्रयास स्वीकार्य नहुने बताएका छन् । नेपाल बार एसोसिएसन आदिवासी तथा जनजाति कानुन व्यवसायी सरोकार समितिले आयोजना गरेको 'संविधान संशोधनमा आदिवासी जनजातिको सवाल' अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्।

वर्तमान संविधानले आदिवासी जनजातिलाई दिएको अधिकारलाई जोगाउनु नै अहिलेको प्रमुख चुनौती रहेको उनले उल्लेख गरे। संविधानले दिएका अधिकार नै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अवस्थामा थप अधिकारको बहस गर्न आवश्यक नरहेको र हालको अधिकार संरक्षणमा केन्द्रित हुन उनले आग्रह गरे। संविधानले दिएका अधिकार नै कटौती गर्ने प्रयास भइरहेको आरोप लगाउँदै उनले संविधान संशोधन सामान्य कानुनी संशोधन नभई मुलुकको सामाजिक संरचना, सांस्कृतिक विविधता, भाषिक पहिचान, क्षेत्रीय अपेक्षा तथा ऐतिहासिक रूपमा उत्पीडित समुदायको उत्थानसँग जोडिएको गम्भीर विषय भएकाले सरकार यसतर्फ गम्भीर हुनुपर्ने बताए।

उनले संशोधनका नाममा संविधानको आधारभूत संरचना, मूल मूल्य र मान्यता परिवर्तन गर्न नमिल्ने स्पष्ट पारे। उनका अनुसार संशोधन भनेको कमजोरी सच्याउने प्रक्रिया हो। संविधानको आधारभूत संरचना र मूल्य नै परिवर्तन गरिएमा त्यो संशोधन नभई नयाँ संविधान लेखन हुन जाने र त्यसो गरिए संवैधानिक चुनौतीको विषय बन्न सक्ने उनले चेतावनी दिए। वर्तमान सरकारलाई नयाँ संविधान लेखनको म्यान्डेट नभएको पनि उनले उल्लेख गरे।

कार्यक्रममा बोल्दै उनले भने-'यो संविधानबाट हामीलाई जे दिएको छ, त्यसलाई नै जोगाउनुपर्ने अवस्था आएको छ, त्यसमा हामी सबैले सचेत हुनुपर्छ। यो कुनै सामान्य ऐन-कानुनको कुरा गरेको जस्तो होइन, यो गम्भीर कुरा छ।' दुई तिहाइ नजिक बहुमत पाएको रास्वपाको सरकारले नेपालको इतिहास कसरी विकास भयो भन्ने कुरा भित्रबाट महसुस गर्न नसकिरहेको उनले टिप्पणी गरे।

संशोधनको सीमाबारे प्रस्ट पार्दै उनले थपे-'संविधान संशोधन गर्दाखेरि जहाँ-जहाँ अप्ठ्यारो छ, त्यहाँ-त्यहाँ करेक्सन गर्ने हो। तर तपाईंले त्यसको आधारभूत संरचना, बेसिक मूल्य र मान्यतालाई चेन्ज गर्न पाउनुहुन्न ।' यदि आधारभूत संरचना नै परिवर्तन गर्न खोजिए त्यो संशोधन नभई नयाँ संविधानको लेखन हुने र त्यो संशोधन अधिकारको परिधिभन्दा बाहिरको कुरा हुने उनले बताए। त्यस्तो अवस्थामा संवैधानिक हिसाबले च्यालेन्ज गर्नुपर्ने अवस्था आउन सक्ने उनको भनाइ छ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा. डा. विजयप्रसाद मिश्रले सरकार संविधान संशोधनमा गम्भीर नै नभएको आरोप लगाए। सरकारले संविधान संशोधन प्रक्रियामा आवश्यक राजनीतिक सहमति र संवेदनशीलता नदेखाएको तथा आवश्यक दुई तिहाइ समर्थन सुनिश्चित नगरी अघि बढ्न खोजेको उनले टिप्पणी गरे । सङ्घीयता, समावेशिता र संविधानका मूल व्यवस्थामा दीर्घकालीन असर पर्ने कुनै पनि संशोधन गर्दा राष्ट्रिय सहमतिका आधारमा हुनुपर्ने उनले उल्लेख गरे।

बार अध्यक्ष मिश्रले भने- 'संविधान संशोधनको क्रममा सरकार वास्तविक रूपमै संवेदनशील भएजस्तो मलाई लागेन। नत्र त वृहत् राजनीतिक सल्लाह गरेर अगाडि बढ्नुपर्ने हो।' संविधानले दुई तिहाइ बहुमत चाहिन्छ भनेको उल्लेख गर्दै उनले संसद्का दुवै सदनमा सरकारसँग दुई तिहाइ नभएको बताए। भदौ २३-२४ को आन्दोलनले गर्दा आएको सरकारको वैधतामा प्रश्न नभए पनि वैधानिकता आवधिक हुने उनको तर्क छ। आवधिक सरकारले मुलुकलाई दीर्घकालीन प्रभाव पर्ने गरी सङ्घीयताका विषयमा कमीकमजोरी सुधार्नेबाहेक यसलाई उखेलेर फाल्छु भन्न नमिल्ने उनले स्पष्ट पारे।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी

प्रमाणित गरिएको सम्बन्धमा

मिति २०८३ / ०३ /३१

उपरोक्त सम्बन्धमा नवलपरासी जिल्ला त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. ८ बस्ने भु.पू. भारतीय सैनिक नं. ५३४२९८१ दर्जा नायक १/४ जी.आर. को श्रीलाल थापाको निवेदनानुसार निजले भारतीय सेनामा भर्ना हुँदा पत्नीको नाम भविसरा लेखाएको र निजकी पत्नीले जिल्ला प्रशासन कार्यालय तनहुँबाट लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर लथर थापा उल्लेख भई फरक परेतापनि उपरोक्त दुवै नाम थर भविसरा र लथर थापा भन्ने व्यक्ति एउटै भएको र निवेदक श्रीलाल थापा लथर थापा बिच पति पत्नीको नाता सम्बन्ध कायम रहेको ब्यहोराको साथै त्रिवेणी सुस्ता गा.वि.स. को कार्यालयको च.नं. ४०६ मिति २०६८/८/२ को पत्रानुसार लेखिआएको तपसील अनुसारको पारिवारिक विवरण सिफारिस साथ अनुरोध छ।

तपसिल :

सि. नं.	नामथर	नाता	जन्ममिति	विवाह मिति	कैफियत
१	श्रीलाल थापा	पती	२०१६ साल	२०३२ साल	पेनसर जीवित
२	लथर थापा	पत्नी	२०१७ साल	२०३२ साल	जीवित
३	मनिसरा थापा	छोरी	२०३९ साल	विवाहित	जीवित
४	पदि माया थापा	छोरी	२०४२ साल	विवाहित	जीवित
५	भद्र विर थापा	छोरा	२०४४ साल	अविवाहित	जीवित
६	निर बहादुर थापा	छोरा	२०४८ साल	अविवाहित	जीवित

प्रमुख जिल्ला अधिकारी

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com